नेपाल सरकार
स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

धादिङ

## ईलाका स्तरीय योजना छनौट गर्दा अनिवार्य रुपमा ध्यान दिनुपर्ने कुराहरु

१. गाउँ परिषदले सिफारीस गरेका योजनाहरु मध्येवाट मात्र योजना छनौट हुने छन् ।

२. क्रमागत योजना र लक्षित वर्ग तर्फका योजनाहरु गाउँ परिषदवाट सिफारीस नभएको अवस्थामा समेत यस्ता योजनाहरु प्राथमिकताका साथ छनौट गर्नुपर्नेछ ।

३. गाउँ परिषद सम्पन्न नगर्ने गा.वि.स.हरुका गाउँ स्तरीय योजना समावेस हुनेछैनन् । साथै गा.वि.स.स्तरीय योजना छनौट गर्दा अनिवार्य रुपमा एकै आर्थिक वर्ष भित्र सम्पन्न हुने योजना छनौंट गर्नुपर्नेछ ।

४. ईलाका स्तरको एक वटा मात्र योजना छनौट गर्नुपर्नेछ । यसरी योजना छनौंट गर्दा ईलाका स्तरमा साविकमा संचालन भई रहेका ठूला ईलाका स्तरीय योजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ । ईलाका स्तरीय सडक योजना छनौट भएमा जि.वि.स.को नीति अनुरुप स्तरोन्तीको लागि मात्र बजेट विनियोजन हुने भएकोले सोही अनुसार गर्नुपर्नेछ ।

५. विभिन्न विषय क्षेत्र बजेट शिलिङ भन्दा बाहिर आएका योजनाहरु जि.वि.स.मा श्रोत उपलब्ध भएसम्म छनौट गरिनेछ । जि.वि.स.मा श्रोत उपलब्ध हुन नसक्ने भएमा विषयगत कार्यालयहरु, स्थानीय विकास मन्त्रालय वा राष्ट्रिय योजना आयोगमा जिल्ला स्तरीय योजनाको रुपमा समावेस गर्न पठाईने भएकोले बढी महत्वपूर्ण क्षेत्रको योजना पहिलो प्राथमिकतामा राख्नुपर्नेछ ।

६. योजना तथा कार्यक्रम छनौट गर्दा कम्तिमा पनि लक्षित क्षेत्र र समुदाय स्पष्ट किटान गर्नुपर्नेछ । जस्तै सडक योजनाको खण्ड, खानेपानी तथा सिंचाई को मुहानको अवस्था र स्वामित्व एवं लक्षित गाउँ, भवनको गर्नुपर्ने कामको विवरण खुलाउनु पर्नेछ ।

७. कुनै पनि प्रकारको अनुदान जि.वि.स.वाट प्रदान गर्न नसकिने भएकोले कुनै कोष बनाई कार्यान्वन हुने कार्यक्रमको हकमा जि.वि.स.संग पूर्व सम्झौता भई कार्यक्रम कार्यान्वन गर्ने गरी सम्झौता भएपछि कार्यक्रमको लागि बजेट उपलब्ध हुने भएकोले सोही अनुसार योजना माग गर्ने । विभिन्न कोषको नाममा रकम माग नगरि कोष मार्फत हुने कार्यक्रमको लागि योजनाको रुपमा बजेट माग गर्ने ।

८. विद्युत लाईन विस्तार संग सम्बन्धित योजनाहरुको ४० प्रतिशत रकम समुदायवाट व्यहोर्ने गरी माग गरीएको कार्यक्रमको लागि प्रतिवद्धता वापतको रकम जि.वि.स.को खातामा जम्मा भएपछि मात्र योजना सम्झौता हुने भएकोले योजना छनौट गर्दा सोही बमोजिम गर्ने ।

९. योजना छनौट गर्दा गरिबी निवारणमा सहयोग पुऱ्याउने, रोजगारमूलक, छोटो समयमा सम्पन्न भइ बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुऱ्याउने तथा जनसहभागिता प्राप्त गर्न सकिने किसिमका आयोजनालाई प्राथमिकता दिनुपर्नेछ ।